**एजेण्डाहरु**

१. निषेधाज्ञा जारी गर्ने सम्बन्धमा
२. खोजपड्ताल तथा परीक्षण सम्बन्धमा
३. सीमा नाकामा कडाई गर्ने सम्बन्धमा
४. विविध

**निर्णयहरु**

१. नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग EDCD बाट प्राप्त सूचना अनुसार नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिकामा ७ जना व्यक्तिहरुमा कोभिड-१९ को संक्रमण देखिएको हुँदा संक्रमण फैलिन नदिनका लागि उक्त गाउँपालिकाको सम्पूर्ण क्षेत्रमा स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम मिति २०७७ भाद्र ११ गते साँझ ६:०० बजेदेखि ७ दिनसम्मका लागि देहायका कार्यहरु गर्न/गराउन रोक लगाउने गरी निषेधाज्ञा जारी गर्नेः
   (क) औषधी उपचार, खाद्य वस्तु खरिद, आफ्नै खेतबारीमा कृषिजन्य कार्य गर्ने जस्ता आवश्यक काममा बाहेक कुनै पनि व्यक्ति घर बाहिर निस्कन ।
   (ख) एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षा निकायले प्रयोग गर्ने साधन र अनुमति प्राप्त सवारी साधन बाहेक कुनै प्रकारका सार्वजनिक वा निजी यात्रु तथा मालवाहक सवारी साधन (मोटरसाइकल समेत) सञ्चालन गर्न ।
   (ग) अत्यावश्यक उपभोग्य वस्तु बिक्रि गर्ने खाद्यान्न पसल र औषधी पसल बाहेक सम्पूर्ण पसल, उद्योग, व्यवसाय सञ्चालन गर्न (तर खाद्यान्न पसल बिहान ६:०० बजेदेखि १०:०० बजेसम्म मात्र खोल्न पाइने) ।
   (घ) धार्मिक, सांस्कृतिक, सामाजिक (विवाह, व्रतवन्ध) लगायत कुनै प्रकारको जमघट तथा भेला हुने सबै प्रकारका क्रियाकलापहरु सञ्चालन गर्न ।
   (ङ) अत्यावश्यक सेवाका कार्यालय बाहेक सबै सरकारी निजी तथा गैरसरकारी क्षैत्रका कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुबाट प्रदान हुँदै आएका नियमित सेवा सञ्चालन गर्न ।
   (च) उक्त गाउँपालिका प्रवेश गर्ने सम्पूर्ण नाकाहरुबाट आवातजावत (पैदल समेत) गर्न ।

२. संक्रमण देखिएका व्यक्तिहरुसँग सम्पर्कमा आएका व्यक्तिहरुको समेत खोजपड्ताल (Contact Tracing) गरी परीक्षणको लागि स्थानीय CICT Team लाई पूर्ण क्रियाशील बनाई सहजीकरण गर्न स्वास्थ्य कार्यालयलाई निर्देशन दिने तथा निजसँग सम्पर्कमा आएका व्यक्तिहरुलाई अनिवार्यरुपमा होम क्वारेन्टीनमा बसी निरन्तर निगरानी गर्न शिवपुरी गाउँपालिकामार्फत स्थानीय कोरोना रोकथाम समूह (CPG) लाई अनुरोध गर्ने ।
३. जिल्लाका सीमा नाकाहरुको चेकजाँचलाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै जिल्लाभित्र प्रवेश गर्ने जुनसुकै व्यक्तिलाई सम्बन्धित स्थानीय तह र स्थानीय प्रहरी इकाईको समन्वयमा अनिवार्यरुपमा क्वारेन्टीनमा राख्ने व्यवस्थालाई थप कडाईका साथ कार्यान्वयन गर्ने ।

४. शिवपुरी गाउँपालिकामा कोभिड- १९ रोकथामका लागि जारी निषेधाज्ञालाई कार्यान्वयन गर्न तथा सीमा नाकालाई थप व्यवस्थित बनाउन उक्त गाउँपालिकाको रोल्चे नाकामा सशस्त्र प्रहरी बल परिचालन गर्न सिफारिस गर्ने।

५. शिवपुरी गाउँपालिकामा जारी गरिएको निषेधाज्ञा अवधीभर एम्बुलेन्स र शव वाहन बाहेकका सम्पूर्ण सवारी साधनलाई शिवपुरी गाउँपालिकाका विभिन्न नाकाहरु हुँदै जिल्लामा आवातजावत गर्ने कार्यलाई पूर्ण रुपमा बन्देज गरी बेलकोटगढी नगरपालिका वडा नं ५ स्थित कोल्पुटार नाकाबाट मात्र प्रवेश गर्ने व्यवस्था गर्ने ।

६. जिल्ला विपद व्यवस्थापन समितिको मिति २०७७।०४।१२ गतेको बैठक तथा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०४।२१ गतेको बैठकको निर्णयानुसार स्थानीय तहका हरेक वडाहरुमा कोरोना रोकथाम समूह (CPG) गठन गरी परिचालन गर्न अनुरोध भएकोमा उक्त समूहको काम कारवाही के कस्तो भएको छ ? सो को नियमित अनुगमन मूल्यांकन गरी उक्त समूहलाई वडा टोल तथा समूदायस्तरमा सचेतना र शिक्षाका लागि सक्रियरुपमा परिचालन गर्न तथा गठन नभएको भए तत्काल गठन गरी परिचालन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

७. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७।०५।०९ गतेको निर्णयानुसार जिल्लाभित्र सञ्चालन हुने सार्वजनिक यातायात र निजी सवारी साधनको सञ्चालनमा रोक लगाइएकोमा उक्त व्यवस्थाको कार्यान्वयनलाई थप प्रभावकारी बनाउने ।

८. नुवाकोट जिल्लामा कोभिड-१९ संक्रमण समुदायमा फैलिन शुरु भइसकेको सन्दर्भमा होम आइसोलेसनको मापदण्ड नपुग्ने प्रकृतिका तथा लक्षण नभएका कोभिड-१९ बिरामीहरुलाई समेत मध्यनजर गर्दै तत्काल १० बेडको होल्डिङ आइसोलेसन सेन्टर व्यवस्थापन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।